# दूरसञ्चारका अन्य अतिरिक्त सेवा (Value Added Services)
## सञ्चालन गर्ने सम्वन्धमा सामान्य निर्देशिका (**संशोधित**)

१. **भुमिका :-**

देशको सवाङ्गीण विकासमा संचार क्षेत्रको भुमिका अपरिहार्य भएको र देशको अर्थतन्त्रमा यसले पूऱ्याउन सक्ने महत्वपुर्ण योगदानलाई दृष्टिगत गरेर श्री ५ को सरकारले संचार क्षेत्रलाई विकासको प्रमूख पुर्वाधारको रुपमा विकसित गर्ने नीति लिएको छ । विश्वमा संचार क्षेत्रमा अभुतपुर्व विकास भएको सन्दर्भमा श्री ५ को सरकारले लिएको खूल्ला आर्थिक नीति अनूरुप संचार क्षेत्रको विकासमा निजी क्षेत्रलाई पनि सहभागी बनाई यस क्षेत्रको द्रूततर विकास गर्न दूरसंचार ऐन, २०५३ कार्यान्वयनमा ल्याएको छ । यस ऐन अर्न्तगत गठन भएको नेपाल दूरसंचार प्राधिकरणले आधारभुत दूरसंचार सेवा तथा दूरसंचारका अन्य अतिरिक्त सेवाहरुको द्रूततर विकासको लागि निजी क्षेत्रलाई पनि सहभागी बनाउने उद्देश्यले क्रमशः निजी क्षेत्रलाई अनूमतिपत्र प्रदान गर्ने कार्यलाई अघि बढाएको छ । इन्टर्नेट, इ-मेल, पे फोन, अडियो टेक्स/भ्वाइस मेल, भिडियो टेक्स, फ्याक्स मेल, अडियो कन्फरेन्सिङ्ग, प्रि पेड कलिङ्ग कार्ड, रेडियो पेजिङ्ग, ट्रंक मोवाइल रेडियो, भिस्याट, स्थानीय डाटा नेटवर्क, ***भिडियो कन्फरेन्सिङ्ग, GMPCS*** जस्ता दूरसंचारका अन्य अतिरिक्त सेवाहरुको विकासको लागि अनूमतिपत्र सिमित नगरी बजार स्थिति र ग्राहकहरुको चाहना अनूरुप यी सेवाहरुको आपुर्ति होस भन्ने हेतूले अनूमतिपत्र जारी गर्ने श्री ५ को सरकारको नीति रहेको छ ।

उपरोक्त दूरसंचार सेवाहरुको प्रतिस्पर्धात्मक वातावरणमा अधिराज्यभरिनै द्रूततर विकास होस र ग्राहकहरुले स्तरीय सेवा उचित मुल्यमा प्राप्त गर्न सकून भन्ने उद्देश्य यस प्राधिकरणको रहेको छ । यसरी यस क्षेत्रको विकासमा प्रत्यक्ष योगदान पूऱ्याउन इच्छूक व्यक्ति, संघ /संस्था आदिले नियमपुर्वक अनूमतिपत्र प्राप्त गरी बिना कठिनाई सेवा संचालन गर्न सकून भन्ने उद्देश्यले सम्वन्धीत सबैको जानकारीको लागि दूरसंचारका अन्य अतिरिक्त सेवा संचालन गर्ने सम्वन्धमा सामान्य निर्देशिका र प्रत्येक किसिमको दूरसंचारका अन्य अतिरिक्त सेवाको लागि छुट्टा छुट्टै विशेष निर्देशिका प्रकाशित गरिएको छ ।

२. **खूल्ला गरिएका दूरसंचार सेवाहरु :-**

श्री ५ को सरकारले मिति २०५३।७।२३, २०५५।१२।१९ र २०५८।१०।८ मा राजपत्रमा सुचना प्रकाशित गरि निम्न दूरसंचारका अन्य अतिरिक्त सेवाहरू निजी क्षेत्रबाट पनि सञ्चालन गर्न सकिने गरिएको छ।

- इन्टर्नेट (इ-मेल सहित)
- इ-मेल
- भ्वाइस मेल/अडियो टेक्स
- भिडियो टेक्स
- फ्याक्स मेल
- भीस्याट (VSAT)
    - भिस्याट नेटवर्क प्रदायक
    - भीस्याट प्रयोगकर्ता
- अटियो कन्फरेन्सिङ्ग
- पे फोन
- प्री पेड कलिङ्ग कार्ड
- स्थानीय डाटा नेटवर्क
- रेडियो पेजिङ्ग
- ट्रङ्क मोवाइल
- ***भिडियो कन्फरेन्सिङ्ग***
- ***GMPCS***

३. ईच्छूक व्यक्ति/संस्थाले नेपाल दुरसञ्चार प्राधिकरणबाट रीत पुर्वक अनूमतिपत्र प्राप्त गरि उपरोक्त सेवाहरू सञ्चालन गर्न सक्नेछ । रीत पुर्वक अनूमतिपत्र नलिईकन कूनै पनि व्यक्ति वा संस्थाले माथि उल्लिखित कूनै पनि सेवा संचालन गर्न सक्ने छैन ।

४. दूरसंचार सेवा सञ्चालन गर्न ईच्छूक फर्म⁄संस्थाले संलग्न अनूसुची(ज्ञ बमोजिम निवेदन फाराम भरि रीतपुर्वक दरखास्त पेश गर्नू पर्नेछ । प्रत्येक सेवाको लागि छूट्टा छूट्टै निवेदन फाराम भर्नू पर्नेछ ।

## ५. निवेदन साथ पेश गर्नु पर्ने विवरण :-

५.१ आर्थिक पक्ष :

(क) अनुमानित पुँजी

(ख) प्रस्तावित कुल लगानी

(ग) लगानीको श्रोत

(घ) संचालन खर्च

(ङ) अनुमानित नाफा⁄नोक्सानको हिसाब :- सेवा संचालन गरेको वर्ष देखि ५ वर्षसम्मको Projection ।

(i) कुल अनुमानित आय

(ii) कुल अनुमानित खर्च

(iii) कुल अनुमानित नाफा⁄नोक्सानको हिसाब

५.२ मार्केटिङ्ग पक्ष :

- सेवा सञ्चालन गरिने क्षेत्रहरूमा के कति ग्राहकहरू प्रक्षेपण गरिएको छ सालै पिच्छे क्षेत्रगत ग्राहकको अनूमानित संख्या ।
- आफूले सेवा दिइने भौगोलिक क्षेत्रहरूमा अनूमानित ग्राहकको संख्या र सो मध्ये आफ्ना ग्राहकको संख्या के कति हून सक्छ सो (Market Share) को विवरण ।
- Roll out Plan प्रत्येक वर्ष के कति ग्राहक संख्या हूने ।
- ग्राहकलाई दिइने सेवाको गूणस्तर सम्बन्धमा अपनाइने नीति ।
- अनूमति पत्र प्राप्त भएपछि उपकरण जडान कार्य शूरु गर्ने मिति र ग्राहकलाई सेवा उपलव्ध गराउन शूरु गर्ने मिति ।
- उक्त सेवा सम्वन्धमा गरेका आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य संचालन योजना ।

५.३ व्यवस्थापन पक्ष :

- व्यापारिक क्षेत्रमा भएका अनूभवहरू, हाल गरि आएका व्यापारको किसीम र कहिले देखि सो व्यापारमा लागेको हो साल खोल्नू पर्ने ।
- प्रस्तावित दुरसञ्चार सेवा सञ्चालनमा के कति जनशक्ति संलग्न हूनेछ संगठनको ढाँचा सहितको विवरणँ ।
- एक वा एकभन्दा बढी संचालक वा व्यक्ति मिली साझेदारीमा सेवा संचालन गरिने भए साझेदारीहरु विच भएको सम्झौता वा समझदारीपत्र को प्रतिलिपि ।
- कूनै विदेशी संघ⁄संस्थासँग संयूक्त लागनी (Joint Venture) मा सेवा संचालन गर्न लागिएको भए सो सम्वन्धी सम्झौता वा समझदारीपपत्र को प्रतिलिपि ।

५.४ प्राविधिक पक्ष :

- उक्त सेवा सञ्चालन गर्न प्रयोग गरिने उपकरणको मोडल नं., निर्माताको नाम, निर्माण गरिने मूलूकको विवरण र उपकरण जडान हूने स्थान ।
- उपकरण मर्मत संभार गर्न अपनाईने नीति, जस्तै आफ्नै कर्मचारी मार्फत गराउने हो वा उपकरण निर्माताबाट गराउने हो प्रष्ट खूलाउने ।
- फ्रिक्वेन्सी प्रयोग हूने सेवा भए के कति फ्रिक्वेन्सी ब्याण्ड चाहिने हो र उक्त फ्रिक्वेन्सीको प्रयोग कसरी गरिने हो विवरण ।
- अन्य नेटवर्कसँग आवद्ध हूने स्थान, तरिका र किसिम (Microwave/Satellite/Cable etc.)

## ६. अनूमतिपत्र दस्तूर बूझाउने तरिका :-

६.१ जून सेवा संचालन गर्नको लागि अनूमतिपत्र लिन खोजिएको हो सो सेवाको लागि तोकिएको अनूमतिपत्र दस्तूर रकम निवेदन स्वीकृत भएको जानकारी प्राप्त भएको एक महिना भित्र एकमूष्ट रुपमा बूझाउन सकिनेछ ।

६.२ किस्तावन्दीको रुपमा बूझाउन चाहने भएमा प्राधिकरणबाट तोकिएको किस्ता अवधिभित्र सम्पुर्ण दस्तूर रकम चूक्ता हूने गरि बूझाउन सकिनेछ।

६.३ अनूमतिपत्र दस्तूर एकमूष्ट नबूझाई किस्तावन्दी रुपमा बूझाउने भएमा किस्तावन्दीको रकम Net Present Value (NPV) को आधारमा हिसाव गरिने छ। यसरी हिसाव गर्दा ज्ञद्द प्रतिशत व्याजदरमा गरिने छ र प्राधिकरणले तोकेबमोजिमको रकम किस्ता अवधिभित्र बूझाउनू पर्नेछ।

७. निवेदनमा उल्लिखित समयभित्र सेवा सञ्चालन नगरेमा उचित कारण सहीत स्पष्टीकरण पेश गर्नू पर्नेछ। पेश गरेको स्पष्टिकरण सन्तोषजनक नभएमा वा उक्त स्पष्टिकरण पश्चात थप गरेको समयभित्र पनि सेवा संचालन नगरेमा अनूमतिपत्र रद्द गर्न सकिनेछ। यसरी अनूमतिपत्र रद्द भएमा सो वापत बूझाएको अनूमतिपत्र दस्तूर जफत गरिने छ।

८. एक भन्दा बढी किसिमको दूरसंचार सेवाहरु संचालन गर्ने संस्थाले प्रत्येक सेवालाई छूट्टै इकाई वा Subsidiary को व्यवस्था गरी सेवा संचालन गर्नू पर्नेछ र प्रत्येक सेवाको आम्दानी खर्चको हिसाव राख्न छूट्टा छूट्टै लेखाको व्यवस्था गर्नू पर्नेछ। उक्त सेवा एक आपसमा Cross Subsidies गर्न पाइने छैन।

९. अनूमतिपत्र अनूसारको सेवा सञ्चालन वापत प्राप्त हूने वार्षिक कूल आम्दानीको द्ध प्रतिशत रकम रोयल्टी वापत श्री ५ को सरकारलाई र यसको अतिरिक्त ग्रामीण दुरसञ्चार विकास कोषको लागि २ प्रतिशत रकम नेपाल दूरसंचार प्राधिकरणमा बूझाउनू पर्नेछ।

## १०. <u>अनूमतिपत्र दस्तूर</u> :-

विभिन्न सेवाको लागि अनूमतिपत्र दस्तूर र नवीकरण दस्तूर अनूसुची-२ मा तोके बमोजिम हूनेछ। अनूमति पत्रको अवधि वढिमा २५ वर्षको हूनेछ र एक पटकमा ५ वर्षको अवधिको लागि दिइनेछ र तत् पश्चात पून: नवीकरण गर्न सकिनेछ।

## ११. ***<u>सेवा शूल्क</u>*** :-

सेवा वापत ग्राहकसँग लिईने विभिन्न शूल्कको किसिम र दर (Rate) प्राधिकरणबाट स्वीकृत हूनू पर्नेछ। यसरी लगाईने विभिन्न शूल्कको पूर्ण जानकारी सो सेवा लिन इच्छूक सबैलाई पनि उपलव्ध गराउनू पर्नेछ।

## १२. <u>कम्पनी दर्ता गर्नू पर्ने</u> :-

१२.१ सेवा सञ्चालन गर्ने संस्था श्री ५ को सरकारको सम्बन्धित निकायमा रीत पुर्वक दर्ता भएको हूनू पर्नेछ र निवेदन दिएको मिति सम्म दर्ता कायम रहेको प्रमाणित प्रतिलिपि निवेदन साथ पेश गर्नू पर्नेछ।

१२.१ *विदेशी व्यक्ति वा संस्थाले दूरसंचार सेवा संचालन गर्न चाहेमा नेपाली लगानीकर्तासंग कम्तिमा २० प्रतिशत नेपाली पक्षको लगानी हूने गरी संयूक्त साझेदारीमा कम्पनी दर्ता गर्नू पर्नेछ।*

## १३. <u>ऐन, नियमको पालना गर्नू पर्ने</u> :-

सेवा सञ्चालन गर्नेले श्री ५ को सरकारको प्रचलित ऐन तथा नियमहरूको पालना गर्नू पर्ने छ। यस बाहेक श्री ५ को सरकार वा नेपाल दुरसञ्चार प्राधिकरणले समय समयमा प्रकाशित गर्ने निर्देशनको पनि पालना गर्नू पर्नेछ।

१४. सेवा संचालकबाट अनूमतिपत्रमा उल्लेख गरेका शर्त अनूसार कार्य भए नभएकोबारे प्राधिकरणबाट खटिएको कर्मचारीलाई जाँच गर्न दिनूको साथै अनूगमनको शिलशिलामा प्राधिकरणबाट माग गरेका विवरण उपलव्ध गराउनू पर्नेछ।

१५. अनूमतिपत्र लिएर सेवा संचालन गर्दा आईपर्ने कूनै पनि जोखिम (Risk) को पुर्ण जिम्मेवार अनूमतिपत्र प्राप्त व्यक्ति स्वंय हूनेछ।

१६. अनूमतिपत्र अनूसार सेवा संचालन गर्न आवश्यक पर्ने अन्य कूनै पनि किसिमको सेवा तथा सूविधाहरुका व्यवस्था गर्नू अनूमतिपत्र प्राप्त व्यक्ति स्वयंको जिम्मेवारी हूनेछ।

१७. अनूमतिपत्रमा उल्लिखित सेवा संचालन गर्दा अरु कसैलाई बाधा अड्चन पूग्न गएमा प्राधिकरणको निर्देशन अनूसार यथासिघ्र उक्त वाधा अड्चन हटाउनू पर्ने हून्छ र यस कार्यको लागि कसैबाट कूनै किसिमको क्षतिपुर्तिको दावी गर्न पाईने छैन ।

## १८. <u>सेवाको गूणस्तर</u> :-

सेवा संचालन गर्न दिईने अनूमतिपत्रमा उल्लेख गरे अनूसारको गूणस्तरको सेवा ग्राहकलाई उपलव्ध गराउनू पर्नेछ ।

## १९. <u>दरखास्त दस्तूर</u> :-

दरखास्त साथ नगद रु. १००. संलग्न गरि दरखास्त पेश गर्नू पर्नेछ ।

**अनूसुची - १**
**(नियम ७ को उपनियम (१) र (२) सँग सम्वन्धित)**
**अनूमतिपत्रको लागि दिइने निवेदनपत्र**

श्री नेपाल दूरसंचार प्राधिकरण,
.......................................।

देहायको दूरसंचार सेवा संचालन गर्ने अनूमतिपत्र पाउनको लागि निम्न विवरणहरु खूलाई यो निवेदन गरेको छू ।

१. अनूमतिपत्र लिन चाहने व्यक्तिको,
 (क) नाम :
 (ख) ठेगाना :
  स्थायी :
  अस्थायी :

२. दूरसंचार सेवाको किसिम :

३. दूरसंचार सेवा संचालन गर्न लाग्ने,
 (क) अनूमानित पुँजी
 (ख) प्रस्तावित लगानी :
 (ग) लगानीको श्रोत :

४. दूरसंचार सेवा सम्वन्धमा,
 (क) काम शूरु गर्ने मिति :
 (ख) काम सम्पन्न गर्ने मिति :
 (ग) सेवाको माग र आपुर्तिको प्रेक्षपण :
 (३) नेटवर्क विस्तार :
 (ङ) नेट वर्कमा प्रयोग गरिने प्रविधिको विवरण :
 (च) प्रदान गरिने सेवाको स्तर :

५. दूरसंचार प्रणालीको,
 (क) निर्माता :
 (ख) आयात गरिने मूलूक :
 (ग) गूणस्तर :

६. प्रयोग गर्न चाहने फ्रिक्वेन्सी :

७. ग्राहकलाई दूरसंचार सेवा उपलव्ध गराउन सकिने मिति :

८. दूरसंचार सेवा संचालन गरिने क्षेत्र :

 (क) जिल्ला : (ख) न.पा. ⁄ गा.वि.स. : (ग) वडा नं. :

९. दूरसंचार सेवा संचालन गर्दा हूने वार्षिक अनूमानित नाफा/नोक्सान आदिको विवरण,

(क) अनूमानित संचालन खर्च :

(ख) अनूमानित आय :

(ग) नाफा/नोक्सानको हिसाब :

(घ) महशूल दर :

१०. निवेदन साथ संलग्न गर्नू पर्ने कागजातहरु,

(क) अनूमतिपत्र लिन चाहने व्यक्ति भए नागरिकताको प्रतिलिपि

(ख) अनूमतिपत्र लिन चाहने व्यक्ति संगठित संस्था भए सो संस्थाको नाम र सो संस्थाको कानुनी स्थिति देखिने कागजात

(ग) प्राविधिक निपूणता तथा पेश सम्वन्धी दक्षता सम्वन्धी कागजात

(घ) आर्थिक तथा प्राविधिक अध्ययन प्रतिवेदन र कार्य संचालन योजना

(ङ) प्राधिकरणद्वारा प्रकाशित सार्वजनिक सुचनामा वा श्री ५ को सरकारले ऐन बमोजिम नेपाल राजपत्रका सुचना प्रकाशान गरी तोकिदिए बमोजिमका कूराहरु

संगठित संस्थाको छापः

निवेदकको,
सही :
नाम :
ठेगाना :
मिति :

## अनूसुची-२

दुरसञ्चार नियमावली, २०५४ को नियम १० को उपनियम (५) बमोजिम दिइने अनूमतिपत्र र अनूमतिपत्र नवीकरण गर्नको लागि देहाय बमोजिम दस्तूर लाग्ने छ :-

| सि.नं. | दुरसञ्चार सेवाको किसिम | अनूमतिपत्र दस्तूर | नवीकरण दस्तूर |
|---|---|---|---|
| १. | इन्टर्नेट (इ-मेल सहित) | रु. ३,००,०००।- | रु. २,७०,०००।- |
| २. | इ-मेल | रु. २,००,०००।- | रु. १,८०,०००।- |
| ३. | अडियो टेक्स/भ्वाइस मेल | रु. २,००,०००।- | रु. १,८०,०००।- |
| ४. | भिडियो टेक्स | रु. २,००,०००।- | रु. १,८०,०००।- |
| ५. | फ्याक्स मेल | रु. २,००,०००।- | रु. १,८०,०००।- |
| ६. | **VSAT** | | |
| | (क) VSAT नेटवर्क प्रदायक | रु. २५,००,०००।- | रु. २२,५०,०००।- |
| | (ख) VSAT प्रयोगकर्ता | रु. २,५०,०००।- | रु. २,२५,०००।- |
| ७. | अडियो कन्फरेन्सीङ्ग | रु. ५०,०००।- | रु. ४५,०००।- |
| ८. | पे फोन (Pay Phone) | रु. ३०,००,०००।- | रु. २७,००,०००।- |
| ९. | Pre-paid Calling Card | रु. ३०,००,०००।- | रु. २७,००,०००।- |
| १०. | स्थानीय डाटा नेटवर्क (व्यापारिक प्रयोगको लागि) | रु. २५,००,०००।- | रु. २२,५०,०००।- |
| ११. | **रेडियो पेजिङ्ग नेटवर्क** | | |
| | (क) अधिराज्यभर | रु. १२,५०,०००।- | रु. ११,२५,०००।- |
| | (ख) पुर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्र (काठमाडौं उपत्यका बाहेक) | रु. ५,००,०००।- | रु. ४,५०,०००।- |
| | (ग) काठमाडौं उपत्यका | रु. ५,००,०००।- | रु. ४,५०,०००।- |
| | (घ) पश्चिमाञ्चल विकास क्षेत्र | रु. ३,००,०००।- | रु.२,७०,०००।- |
| | (ङ) मध्यमाञ्चल र सूदुरपश्चिमाञ्चल विकास क्षेत्र | रु. २,००,०००।- | रु. १,८०,०००।- |
| | (च) कूनै निश्चित गा.वि.स.मा मात्र | रु. ७५,०००।- | रु. ६७,०००।- |
| १२. | **ट्रंक मोवाइल रेडियो** | | |
| | (क) काठमाडौं उपत्यकामा | रु. ५,००,०००।- | रु. ४,५०,०००।- |
| | (ख) पोखरा र विराटनगर उपमहानगरपालिका तथा विरगंज, भैरहवा, भरतपूर र नेपालगंज नगरपालिकामा | रु. २,५०,०००।- | रु. २,२५,०००।- |
| | (ग) अन्य क्षेत्रमा | रु. १,२५,०००।- | रु. १,१२,५००।- |
| **१३.** | ***भिडियो कन्फरेन्सिङ्ग*** | **रु. १,५०,०००।-** | **रु. १,३५,०००।-** |
| **१४.** | ***GMPCS*** | **रु. १५,००,०००।-** | **रु. १३,५०,०००।-** |